# "खेलकुद सम्मान कार्यविधि, २०८१"

लुम्बिनी प्रदेश सरकार

युवा तथा खेलकुद मन्त्रालय

## प्रदेश खेलकुद परिषद् लुम्बिनी

राप्ती उपत्यका (देउखुरी), नेपाल।

सदस्य सचिव

नि. प्रदेश सचिव

**खेलकुद सम्मान कार्यविधि, २०८१**

**प्रस्तावना:**

खेलकुदको क्षेत्रमा सकारात्मक नतिजा प्राप्त गर्नका लागि महत्वपूर्ण योगदान गरेका, खेलकुदका माध्यमबाट लुम्बिनी प्रदेशलाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा पहिचान गराउन विशेष भूमिका निर्वाह गरेका खेलाडी, प्रशिक्षक, निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, फिजियोथेरापिस्ट, खेल संघ/महासंघहरुलाई तथा खेलसँग सम्बन्धित संस्था र खेलकुदका क्षेत्रमा प्रायोजन गर्ने संस्था वा व्यक्तिलाई अभिप्रेरित गर्न, खेलकुद प्रतिको आकर्षण बढाउन, खेल प्रतिभाको पहिचान तथा विकास गर्न वाञ्छनीय भएकोले, प्रदेश खेलकुद विकास नियमावली, २०७८ को नियम (२५) ले दिएको अधिकार प्रयोग गरी प्रदेश खेलकुद परिषद्ले "खेलकुद सम्मान कार्यविधि, २०८१" जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम **"खेलकुद सम्मान कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अन्तराष्ट्रिय प्रतियोगिता"** भन्नाले ओलम्पिक, एशियाली, दक्षिण एशियाली प्रतियोगिता तथा अन्तराष्ट्रिय, क्षेत्रीय खेल संघ/ महासंघबाट आयोजित विश्वस्तरीय, क्षेत्रीय लगायतका प्रतियोगितालाई सम्झनुपर्छ।

(ख) **"खेल चिकित्सक"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका संस्थामा खेलकुदका क्षेत्रमा खेलाडीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन नियुक्त भएका प्रचलित कानून बमोजिम योग्यता पुगेका चिकित्सकलाई सम्झनुपर्छ।

(ग) **"खेल व्यवस्थापक"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका संस्थामा खेलकुद प्रतियोगितामा व्यवस्थापकको भूमिका निर्वाह गर्न नियुक्त भएका व्यक्तिलाई सम्झनुपर्छ ।

(घ) **"खेल संघ/महासंघ"** भन्नाले प्रचलित कानून बमोजिम जिल्ला, प्रदेश, राष्ट्रियस्तरमा गठन भएका विभिन्न खेलका विधागत खेल संघ/महासंघलाई जनाउँछ।

(ङ) **"खेल संस्था"** भन्नाले खेलकुद गतिविधि गर्ने उद्देश्य साथ प्रचलित कानून बमोजिम दर्ता भइ खेलकुदको क्षेत्रमा क्रियाशिल रहेका संस्थालाई जनाउँछ।

(च) **"खेलकुद सम्मान"** भन्नाले खेलकुदको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका खेलाडी, प्रशिक्षक, निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, फिजियोथेरापिस्ट, खेल संघ/महासंघ तथा खेलसँग सम्बन्धित संस्था र खेलकुदका क्षेत्रमा प्रायोजन गर्ने संस्था वा व्यक्तिलाई प्रदान गरिने खेलकुद सम्मान सम्झनुपर्दछ।

(छ) **"खेलाडी"** भन्नाले कुनै पनि प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा लुम्बिनी प्रदेशको प्रतिनिधत्व गरी खेल्ने व्यक्तिलाई सम्झनु पर्छ। सो शब्दले पारा र विशेष खेलाडी समेतलाई जनाउँदछ।

(ज) **"निर्णायक"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाबाट खेलकुद प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्ने तथा निर्णायकको राष्ट्रिय/अन्तराष्ट्रिय लाईसेन्स प्राप्त व्यक्तिलाई सम्झनुपर्छ।

(झ) **"परिषद्"** भन्नाले प्रदेश खेलकुद परिषद् लुम्बिनीलाई सम्झनुपर्छ।

(ञ) **"प्रदेश"** भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनुपर्छ।

सदस्य सचिव

२०८१।११।२४
नि. प्रदेश सचिव

(ट) **"प्रशिक्षक"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाबाट खेलाडीलाई प्रशिक्षण गर्नका लागि नियुक्त भएका व्यक्तिलाई सम्झनुपर्छ।

(ठ) **"प्रायोजक"** भन्नाले कुनै पनि खेलकुद प्रतियोगिता सञ्चालन गर्दा आर्थिक तथा भौतिक सहयोग गर्ने संस्था वा व्यक्तिलाई सम्झनुपर्छ।

(ड) **"फिजियोथेरापिस्ट"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका संस्थामा खेलाडीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन नियुक्त भएका फिजियोथेरापिस्टलाई सम्झनुपर्छ।

(ढ) **"मन्त्रालय"** भन्नाले खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(ण) **"राष्ट्रिय प्रतियोगिता"** भन्नाले राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद् प्रदेश तथा राष्ट्रिय खेल संघ/महासंघ र अन्य संस्थाद्धारा आयोजित राष्ट्रिय प्रतियोगिताहरुलाई सम्झनुपर्छ।

(त) **"सदस्य-सचिव"** भन्नाले प्रदेश खेलकुद परिषद्को सदस्य-सचिवलाई सम्झनुपर्छ।

(थ) **"समिति"** भन्नाले दफा (६) बमोजिमको समितिलाई सम्झनुपर्छ।

## परिच्छेद-२

## उद्देश्य

३. उद्देश्यः यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम हुनेछन्ः

(क) खेलकुद क्षेत्रमा सक्रिय रही परिणाम दिन सफल व्यक्ति वा संस्थालाई अभिप्रेरित गर्नु, प्रोत्साहन गर्नु, सम्मान गर्नु, आकर्षण बढाउनु,

(ख) खेल प्रतिभाको पहिचान तथा विकास गर्नु,

(ग) खेलकुद सम्मान कार्यक्रमलाई पारदर्शी तथा व्यवस्थित बनाउनु।

## परिच्छेद-३

## खेलकुद सम्मान छनौटका आधार

४. छनौटका आधारः खेलकुद सम्मान छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्ः

**(१) खेलाडी छनौटका आधारहरुः**

(क) खेल क्षेत्रमा निरन्तर लागि रहेको सम्बन्धित निकायको सिफारिस।

(ख) राष्ट्रिय प्रतियोगितामा सहभागिता र प्राप्त पदक विवरण।

(ग) अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता र प्राप्त पदक विवरण।

**(२) प्रशिक्षक छनौटका आधारहरुः**

(क) सम्बन्धित क्षेत्रको कार्य अनुभव ।

(ख) सम्बन्धित क्षेत्रमा गरिएको राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम विवरण।

(ग) सम्बन्धित खेल विधाको प्रशिक्षकको राष्ट्रिय तथा अन्तराष्ट्रिय लाईसेन्स।

(घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सम्बन्धित खेलाडीले प्राप्त गरेको पदक विवरण।

**(३) निर्णायक छनौटका आधारहरूः**

(क) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिताको विवरण।

(ख) निर्णायकका लागि सञ्चालित राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रशिक्षण, तालिम वा सेमिनारमा सहभागिता।

(ग) सम्बन्धित खेल विधाको निर्णायकको राष्ट्रिय तथा अन्तराष्ट्रिय लाईसेन्स।

सदस्य सचिव　　　　　　प्रदेश सचिव

(४) खेल चिकित्सक छनौटका आधारहरुः

(क) चिकित्सा विधाको शैक्षिक योग्यता।

(ख) खेलकुदको क्षेत्रमा चिकित्सकको रुपमा कार्य अनुभव।

(ग) खेलकुदसँग सम्बन्धित चिकित्सा विषयको तालिम विवरण।

(५) फिजियोथेरापिस्ट छनौटका आधारहरुः

(क) फिजियोथेरापिस्ट बिधाको शैक्षिक योग्यता।

(ख) खेलकुदको क्षेत्रमा फिजियोथेरापिस्ट रुपमा कार्य अनुभव।

(ग) खेलकुदसँग सम्बन्धित फिजियोथेरापिस्ट विषयको तालिम विवरण।

(६) खेल व्यवस्थापक छनौटका आधारहरुः

(क) राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा भएका खेलकुद प्रतियोगितामा व्यपस्थापकको रुपमा सहभागिताको विवरण।

(ख) सम्बन्धित क्षेत्रको कार्य अनुभव।

(७) खेल संघ/महासंघ छनौटका आधारहरुः

(क) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा खेलाडीले प्राप्त गरेका पदक विवरण।

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिता आयोजनाको विवरण।

(ग) खेल पूर्वाधार।

(घ) प्रशिक्षक र निर्णायकको तालिम सञ्चालन तथा उत्पादनको विवरण।

(८) खेल संस्था छनौटका आधारहरुः

(क) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिता आयोजनाको विवरण ।

(ख) प्राविधिक तथा निर्णायक जनशक्तिको विवरण।

(ग) खेल पूर्वाधारको अवस्था ।

(९) प्रायोजक संस्था वा व्यक्ति छनौटका आधारहरुः

(क) खेल क्षेत्रमा हाल सम्म प्रायोजन गरेको आर्थिक वा भौतिक वा दुवै सहयोगको विवरण।

(ख) प्रदेश, राष्ट्रिय, अन्तराष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा गरेको प्रायोजन संख्या।

(ग) खेलाडीहरुलाई उपलब्ध गराएको रोजगार र सामग्री सहयोगको विवरण।

## परिच्छेद–४
## छनौट प्रक्रिया

५. छनौट प्रक्रियाः (१) परिषद्ले खेलकुद सम्मानका लागि खेलाडी, प्रशिक्षक, निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, फिजियोथेरापिस्ट, खेल संघ/महासंघ, खेल संस्था र प्रायोजकको जानकारीको निमित्त सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) खेलाडी, प्रशिक्षक, निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, फिजियोथेरापिस्ट, खेल संघ/महासंघ, खेल संस्था र प्रायोजकले खेलकुद सम्मान पुरस्कारको लागि निवेदन गर्न चाहेमा सोही सूचनामा उल्लेखित म्याद भित्र खेलाडी, प्रशिक्षक, निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, फिजियोथेरापिस्ट भए अनुसूची–१ र

सदस्य सचिव          नि. प्रदेश सचिव

खेल संघ/महासंघ, खेलसंस्था र प्रायोजक भए अनुसूची–२ मा उल्लेखित विवरणहरु खुलाई परिषद् समक्ष निवेदन दिन सक्नेछन्।

(३) दफा (४) र (५) बमोजिमका क्षेत्र र आधारमा अनुसूची-१ र अनुसूची-२ अनुसार प्राप्त भएका निवेदन तथा संम्लग्न विवरणहरु संकलन गरी खेलकुद सम्मान पुरस्कार सम्बन्धमा सिफारिस गर्न परिषद्ले दफा (६) बमोजिमको खेलकुद सम्मान छनौट समितिमा पठाउनेछ।

(४) उपदफा (२) बमोजिम खेल संस्था वा प्रायोजकबाट आवेदन प्राप्त नभएको खण्डमा खेलकुद क्षेत्रमा पुर्याएको योगदानको मूल्याङ्कन गरी समितिले सिफारिस गर्न सक्नेछ।

६. <u>खेलकुद सम्मान छनौट समितिको गठन:</u> (१) खेलकुद सम्मान पुरस्कार प्रदान गर्ने सम्बन्धमा सिफारिस गर्न देहाय बमोजिमको खेलकुद सम्मान छनौट समिति रहनेछ:

| | | |
|---|---|---|
| (क) | सदस्य-सचिव प्रदेश खेलकुद परिषद् | –संयोजक |
| (ख) | खेलकुद महाशाखा प्रमुख, मन्त्रालय | –सदस्य |
| (ग) | संयोजकले मनोनित गरेको खेलकुद विज्ञ | -सदस्य |
| (घ) | प्रदेश खेल संघ/महासंघबाट संयोजकले तोकेको एक जना | –सदस्य |
| (ङ) | प्रशासन प्रमुख, प्रदेश खेलकुद परिषद् | –सदस्य-सचिव |

(२) समितिले सम्बन्धित क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. <u>समितिका काम कर्तव्य र अधिकारहरु:</u>

(क) समितिमा पेश भएका निवेदनहरु दफा (५) बमोजिम भए नभएको एकिन गर्ने।

(ख) प्रोत्साहन रकम निर्धारण गर्ने।

(ग) प्रोत्साहन गर्ने सम्बन्धि अन्य विषयमा निर्णय गर्ने।

## परिच्छेद-५
## विविध

८. <u>बैठक भत्ता सम्बन्धि ब्यवस्था:</u> बैठकमा उपस्थित समितिका पदाधिकारी तथा आमन्त्रित सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता पाउने छन्।

९. <u>बाधा अड्काउ फुकाउ:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१०. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ।

११. <u>खारेजी:</u> प्रदेश भित्रका उत्कृष्ट खेलाडी प्रोत्साहन सम्बन्धि निर्देशिका-२०७६ खारेज गरिएको छ।

सदस्य सचिव

२०७१।६।२४
नि. प्रदेश सचिव

## अनुसूचि–१

(दफा (५) को उपदफा (२) सँग सम्बन्धित)

खेलकुद सम्मानको लागि दिइने निवेदनको ढाँचा (खेलाडी, प्रशिक्षक, निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, फिजियोथेरापिस्टको लागि)

श्रीमान् सदस्य-सचिव ज्यू,
प्रदेश खेलकुद परिषद् लुम्बिनी,
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः खेलकुद सम्मान द्वारा सम्मानित गरी पाऊँ।

महोदय,

प्रदेश खेलकुद परिषद् बाट मिति........................ मा प्रकाशित सार्वजनिक सूचना अनुसार परिषद्द्वारा सम्मानित गरिने खेलकुद सम्मानबाट सम्मानित गरी पाउँ भनी तपसिल बमोजिमका विवरण र कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु।

१. नाम, थरः .........................................................................
२. ठेगानाः ......................................................................
   स्थायी ठेगानाः प्रदेश.......................................................................जिल्लाः.................................
   महानगर /उप-महानगर/नगर/गाउँपालिका/..................................वडा नं.........टोलः.....................
   अस्थायी ठेगानाः ..................................................................................................................
   सम्पर्क नं ............................................
   कार्यालयः.........................................................................आवासः.........................................
   मोबाइलः..............................................इमेल ....................................................................
३. खेल विधाः
४. लिङ्गः पुरुष/महिला/अन्य
५. जन्म मितिः साल (वि.सं)..............महिना ...............................................गते .......................................
६. नेपाली नागरिकताको प्रमाणपत्रको नं. ...................... जारी मितिः ........................जिल्लाः..............
७. बाबुको नाम थर ............................................ आमाको नाम थर .............................................
८. अपाङ्गता भए सो को किसिमः ..................................................
९. पान नं.:
१०. अनुशासनको कारवाही भएको छ/छैन।
११. आफ्नो नाममा बेरुजु छ/छैन।

माथि उल्लेखित विवरण झुठ्ठा ठहरीए कानून बमोजिम सहुँला/बुझाउँला।

**निवेदकः-**

दस्तखतः

नामः

मितिः

| | |
|---|---|
| दा. | बा. |

**<u>निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरूः</u>**

सदस्य सचिव

प्रदेश सचिव

निवेदनको साथमा तल उल्लेखित कागजातहरु सिलसिलेवार रूपमा संलग्न गर्नुपर्नेछ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

२. अन्य थप कागजातहरू:

**(क) खेलाडीको हकमा:**

(१) खेल क्षेत्रमा निरन्तर लागि रहेको, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता भएको, पदक प्राप्त प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि।

(२) सम्बन्धित प्रदेश खेल संघको सिफारिस।

**(ख) प्रशिक्षकको हकमा:**

(१) सम्बन्धित निकायबाट दिइएको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि, कार्य अनुभव र अवधि खुल्ने कागजात।

(२) राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा लिएको तालिमको प्रमाणित प्रतिलिपि, निजले प्रशिक्षण गरेको खेलमा सम्बन्धित खेलाडीले प्राप्त गरेको पदक खुल्ने सम्बन्धित संघ/महासंघबाट प्रमाणित कागजात।

(३) सम्बन्धित खेल विधाको प्रशिक्षकको राष्ट्रिय तथा अन्तराष्ट्रिय लाईसेन्सको प्रमाणित प्रतिलिपि।

**(ग) निर्णायकको हकमा:**

(१) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लिएको तालिमहरुको प्रमाणित प्रतिलिपि।

(२) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा निर्णायकको भूमिकामा सहभागी भएको प्रमाणित कागजातहरु।

(३) सम्बन्धित खेल विधाको राष्ट्रिय तथा अन्तराष्ट्रिय लाईसेन्सको प्रमाणित प्रतिलिपि।

**(घ) खेल चिकित्सक/ फिजियोथेरापिस्टको हकमा:**

(१) चिकित्सा विधाको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

(२) खेलकुदसँग सम्बन्धित चिकित्सा विषयको तालिमको प्रमाणित प्रतिलिपिहरु।

(३) खेलकुदको क्षेत्रमा चिकित्सक/ फिजियोथेरापिस्टको रुपमा कार्य अनुभव खुल्ने कागजातहरु।

(४) चिकित्सक/ फिजियोथेरापिस्टको लाईसेन्सको प्रमाणित प्रतिलिपि।

**(ङ) खेल व्यवस्थापकको हकमा:**

(१) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा व्यवस्थापकको भूमिकामा सहभागीता भएको प्रमाणित प्रतिलिपिहरु।

(२) कार्य अनुभवको (अवधि सहित) खुल्ने प्रमाणित कागजातहरु।

सदस्य सचिव

नि. प्रदेश सचिव

अनुसुचि–२

(दफा (५) को उपदफा (२) सँग सम्बन्धित)

**खेलकुद सम्मानको लागि दिइने निवेदनको ढाँचा**

**(खेल संघ/महासंघ, खेल संस्था र प्रायोजकको लागि)**

श्रीमान सदस्य-सचिव ज्यू,
प्रदेश खेलकुद परिषद् लुम्बिनी,
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः खेलकुद सम्मानद्वारा सम्मानित गरी पाऊँ।

महोदय,

प्रदेश खेलकुद परिषद्द्वारा मिति.......................... मा प्रकाशित सार्वजनिक सूचना अनुसार परिषद्द्वारा सम्मानित गरिने खेलकुद सम्मानबाट सम्मानित गरी पाउँ भनी तपसिल बमोजिमका विवरण र कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु।

१. खेल संघ/महासंघ/खेल संस्था/प्रायोजकको नामः- .................................

२. ठेगानाः- ..........................................................................................................

३. स्थापना मितिः- .................................

४. दर्ता नं. र दर्ता गरिएको निकायः- ................ ....... ...........................................................

५. पान नं.:- ......................................................

६. नवीकरण मितिः-.....................................................................................................

७. कुनै प्रकारको कारवाही भएको छ/छैन।

८. हाल सम्म पेश्की फछर्यौट भएको छ/छैन।

माथि उल्लेखित विवरण झुठ्ठा ठहरीए कानून बमोजिम सहुँला/बुझाउँला।

संस्थाको छाप

हस्ताक्षरः- ..................................
नाम/थरः- ..................................
पदः- ..................................
ठेगानाः- ..................................
मितिः- ..................................

सदस्य सचिव

नि. प्रदेश सचिव

<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:</u>

**क. खेल संघ/महासंघ को हकमा :**

१. संघ/महासंघ दर्ता र नवीकरणको प्रमाणित प्रतिलिपिहरु।

२. खेलाडी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी भएको वा प्राप्त उपाधिका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु।

३. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिता आयोजना गरेको विवरण खुल्ने प्रमाणित कागजात।

४. भौतिक पूर्वाधारको विवरण खुल्ने प्रमाणित कागजात।

५. संघ/महासंघबाट उत्पादित प्रशिक्षक तथा निर्णायकको संख्या र निजहरुलाई प्रदान गरिएको तालिम खुल्ने प्रमाणित कागजात।

**ख. खेल संस्थाको हकमा :**

१. खेल संस्थाले आयोजना गरेका प्रतियोगिताका विवरण खुल्ने प्रमाणित कागजात।

२. प्रशिक्षक तथा निर्णायक जनशक्तिको संख्या खुल्ने प्रमाणित कागजात।

३. खेल पूर्वाधारको विवरण खुल्ने प्रमाणित कागजात।

४. खेल संस्थाले आयोजना गरेको तालिम, प्रशिक्षण, गोष्ठी र सेमिनारहरुको विवरण खुल्ने प्रमाणित कागजात।

**ग. प्रायोजकको हकमा:**

१. खेल क्षेत्रमा हालसम्म प्रायोजन गरेको आर्थिक तथा भौतिक सहयोगको पुष्टयाइँ खुल्ने कागजातहरु।

२. खेलाडीहरुलाई रोजगार, सामग्री सहयोग उपलब्ध गराएको भए सो को पुष्टयाइँ खुल्ने विवरण।

३. प्रायोजन गरे बापत प्राप्त गरेको पदक, प्रशंसापत्र आदिको प्रमाणित कागजात।

सदस्य सचिव

२०७१।३।२४
नि.प्रदेश सचिव